# केराबारी गाउँपालिका,
## गाउँ कार्यपालिकाको कार्यालय
## केराबारी मोरङ
## १ नं. प्रदेश नेपाल ।

# तार(गाबोन) आपुर्ति गर्ने कार्यको लागि बोलपत्र अव्हान गरिएको सूचना

प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७५/०९/२०

यस गाउँपालिकाको लागि आवस्यक तार(Gabion) खरिद गर्नु पर्ने भएकोले निम्नलिखित शर्तभित्र रही आपुर्ति गर्न सक्ने इच्छुक फर्म, संस्था वा कम्पनीबाट स्विकृत भएको स्पेशीफिकेसन तथा बोलपत्र कागजात संलग्न राखी सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | | Quantity | Amount including VAT | बोलपत्र दस्तुर | जमानत बापतको रकम |
|---|---|---|---|---|---|---|
| KRMC/ MOR/ SQ-01 (075/76) | Providing & Supplying heavy zinc coated gabion wire of different sizes as per instruction of site incharge / engineer including transportation upto Kerabari Rural Municipal Office | 8 SWG | 1280 Kg | 15,99,330.52 | 1000 | 48000 |
| | | 10 SWG | 12120 Kg | | | |
| | | 12 SWG | 480 Kg | | | |

१. सिलबन्दी बोलपत्र फारम बुझाउन इच्छुक फर्म, संस्था वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्र, आ.व.०७३/७४ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि साथ फारम खरिदको आवेदन सहिद यस गाउँपालिकावाट बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाएको रसिद संलग्न गरी बोलपत्र फारम प्राप्त गर्न सकिन्छ ।

२. बोलपत्र फारम साथ नगद रकम जम्मा गर्न चाहाने बोलपत्रादाताले केराबारी गाउँपालिकाको एन.आई.सी. एसिया बैंकमा रहेको धरौटी खाता 56CA501423524007 मा दाखिला गरी सक्कल बैंक भौचर बोलपत्र सम्बन्धी कागजात साथ पेश गर्नु पर्नेछ । वा सो रकम बराबरको यस केराबारी गाउँपालिकाको नाममा कुनै "क" वर्गको (वाणिज्य बैंकले जारी गरेको) फारम बुझाउने अन्तिम मितिले ४५ दिन मान्य अवधिको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

३. बोलपत्र पेशगर्दा बोलपत्र फारम साथ फर्म, संस्था वा कम्पनी दर्ता, मू.अ. कर दर्ता, आयकर दर्ता आ.व.०७३/७४ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि सबै कागजातमा आधिकारिक व्यक्तिको दस्तखत र फर्म, संस्था वा कम्पनीको चाप लगाएको हुनुपर्नेछ ।

४. कुनै फर्म, संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र फारम अर्को फर्म, संस्था वा कम्पनीको नाममा पेश गर्न पाइने छैन ।

५. बोलपत्र फारम बुझाउदा सिलबन्दी गरी खाम बाहिर तार (Gabion) खरिद सम्बन्धि सिलबन्दी बोलपत्र भनी स्पस्ट उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजेसम्ममा गाउँपालिकामा दर्ता गरिसक्नु पर्नेछ ।

६. दर्ता भएका बोलपत्र सोहि दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फारम दर्ता गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य कार्यालय खुलेको पहिलो दिन सोही समय र स्थानमा गरिनेछ ।

७. कबुल गरिएको दररेट अंक र अक्षरमा स्पस्ट रुपमा भर्नुपर्नेछ । ऊल्लेखित अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८. म्याद नाघि आएकको, रित नपुगेको, शर्त राखी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही गरिनेछैन ।

९. स्विकृत बोलपत्रदाताले सम्झौता गर्न कबुल अंकको(मु.अ कर समेतको) ५ प्रतिशतले हुने जमानत रकम यस गाउँपालिकाको नाममा कुनै "क" वर्गको वाणिज्य बैंकले जारी गरेको नियमानुसारको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेछ ।

१०. दर्ता भएका बोलपत्रहरुमा बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिम भए/नभएको परिक्षण गरी ग्राह्य भएका बोलपत्रदाताबाट मात्र छनौट गरिनेछ ।

११. बोलपत्र सम्बन्धि अन्य थप शर्तहरु बोलपत्र फारम र करारनामा सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

१२. यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद निमावली र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१३. बोलपत्र खोली स्विकार गर्ने वा नगर्ने वा कुनै पनि समय बोलपत्र रद्द गर्ने सम्पुरण अधिकार यस गाउँपालिकामा निहित हुनेछ ।

१४. यस सम्बन्धि अन्य थप कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस गाउँपालिकाको सम्पर्क नं. ०२१-४०३११० मा गर्न सकिनेछ ।

यो सुचना गाउँपालिकाको website: www.kerabarimun.gov.np मा समेत हेर्न सकिनेछ ।

**प्रमुख प्रशाशकिय अधिकृत**